# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:-021-404100

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No:
च.नं./Ref.No.

मिति(Date):......................

## विज्ञापन प्रकासनका लागि विदयुतिय माध्यमद्वारा दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८१/०६/०७)

कटहरी गाउँपालिकाबाट आ.व.०८१/०८२ मा आवश्यक पर्न सक्ने राष्ट्रियस्तरबाट प्रकासित हुने "क" वर्गको राष्ट्रिय दैनिक पत्रिका र प्रदेशस्तरबाट प्रकासित हुने "क" वर्गको राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकासन गर्नुपर्ने भएकाले ईजाजतप्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

| सि.नं. | दरभाउपत्रको नाम | ठेक्का नं. | लागत अनुमान (भ्याट सहित) रु. | दरभाउपत्र खरिद दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | Procurement of advertisement for 2081/82 | KRM/SQ/02/081/082 | १४,५०,०००।- | १,०००।- | ४०,०००।-<br>(चालीस हजार) |

**दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. दरभाउपत्र पेश गर्ने फर्म/ कम्पनीको विज्ञापन एजेन्सी अनिवार्य रुपमा नेपाल सरकार, विज्ञापन वोर्डमा दर्ता एवं नविकरण भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीको फर्म दर्ता प्रमाणपत्र,नविकरण,करचुक्ता प्रमाण पत्र ।

३. दरभाउपत्रमा भाग लिनेले दरभाउपत्र दस्तुर वापतको रकम रु.१,०००।-(एक हजार मात्र) कटहरी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं.२१९०१००३०१०१०००२ मा नगद जमा गरी सो को भौचर दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

१. दरभाउ पत्रमा भाग लिनेले दरभाउपत्र जमानत वापतको रकम रु.४०,०००।-(चालिस हजार मात्र) राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको गाँउपालिकाको धरौटी खाता नं २१९०१००३०३००००००२ मा जम्मा गरि सो को सक्कल भौचर वा ७५ दिन अवधि भएको मान्यता प्राप्त बैंकको बैंक जमानत पत्र शिलबन्दी दरभाउपत्रसाथ समावेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र मिति २०८१/०६/२२ गते दिनको १२.०० बजेसममा पेश गरिसक्नुपर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट सोही समय भित्रमा दाखिला गर्न सकिनेछ र दरभाउपत्र दाखिला गरिसक्नुपर्ने दिन दिनको २.०० बजे कटहरी गाउँकार्यपालिकाको कार्यालयमा दरभाउपत्र खोलिनेछ ।

३. ठेक्का अवधि आ.व. ०८१/०८२असार मसान्त सम्म गाउँपालिकाबाट प्रकासित हुने सूचनाहरुहकमा मात्र लागू हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

प.सं./Ltr.No:
च.नं./Ref.No.

Ph:-021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


मिति(Date):......................



४. प्रत्येक दरभाउपत्रको कबोल अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

५. गाउँपालिकाको आवश्यकता अनुशार सूचना प्रकासित गर्नुपर्ने हुनाले लागत अनुमानमा उल्लेखित परिमाणमा थपघट हुन सक्नेछ ।

६. आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गा.पा.मा हुनेछ । अन्य विषय सार्वजनिकखरिद कानुन एवं सार्वजनिक हितको सिद्धान्तको आधारमा गाउँपालिकाले तय गरे बमोजिम हुनेछ।दुई वटा भिन्ना भिन्नै फर्मको न्यूनतम कबोल अंक न्यूनतम भई सम्झौता गर्नुपर्ने भएमा कार्यसम्पादन जमानत क्रमशः चालिस हजारको दरले नियमानुसार राख्नुपर्नेछ ।

७. यस प्रकृयामा मूल्याङ्कन गर्दा राष्ट्रिय स्तरको "क" वर्ग र प्रदेश स्तरको "क" वर्गको छुट्टाछुट्टै मूल्याङ्कन गरिनेछ ।

८. सूचना प्रकाशित गरिने पत्रिकाहरुको विवरण अनुसूची-१ मा लेखिए बमोजिम हुनेछ । अनुसूची-१ मा लेखिएको पत्रिकाहरु मध्ये गाउँपालिकाले तोकेको पत्रिकामा मात्र सूचना तथा सन्चार सामग्री प्रकाशन गर्नुपर्नेछ ।

९. दरभाउपत्र https://bolpatra.gov.np/egpबाट मात्र पेश गर्नुपर्नेछ ।

१०. अन्य व्यवस्था सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ ।

**नोट** :विस्तृत विवरणका लागि कटहरी गाउँपालिकाकोWebsite: Kataharimun.gov.np मा हेर्न सकिनेछ।



CamScanner

# कटहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

पत्र संख्या:-
चलानी नं.:

मिति: २०८१/०६/०१

# टिप्पणी र आदेश

**बिषय :-** दरभाउपत्र माग गरि खरिद कार्य गर्ने सम्वन्धमा ।

श्रीमान्

चालु आ.व. ०८१/०८२ मा **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च** शिर्षकमा रु.१,५००,०००।-(पन्ध्र लाख) विनियोजन भएकाले सो रकमबाट यस कटहरी गाउँपालिकाबाट आ.व.०८१/०८२ भरी प्रकासित हुने सार्वजनिक सूचनाहरु राष्ट्रिय स्तर र प्रदेश स्तरका देहाय बमोजिमका पत्रिकाहरुमा सूचना प्रकाशन गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम खरिद कार्य गर्न सूचना प्रकाशित गरि खरिद कार्य गर्न मनासिव देखि निर्णयार्थ यो टिप्पणी पेश गरेको छु ।

**तपसिल**

| पत्रिकाको नाम | | कैफियत |
|---|---|---|
| राष्ट्रिय स्तरबाट प्रकाशित हुने पत्रिका "क" वर्ग | प्रदेश स्तरबाट प्रकाशित हुने पत्रिका "क" वर्ग | |
| गोरखापत्र दैनिक | ब्लाष्ट दैनिक | |
| कान्तिपुर दैनिक | कोशिपत्र दैनिक | |
| नागरिक दैनिक | हाम्रोमत दैनिक | |
| हिमालय दैनिक | उद्घोष दैनिक वा | |
| कारोबार दैनिक | प्रदेश स्तरबाट प्रकाशित हुने अन्य दैनिक पत्रिकाहरु | |
| सौर्य दैनिक | | |
| मध्यान्ह दैनिक | | |
| द राईजिङ नेपाल | | |
| रिपब्लिक डेल्ली | | |
| द काठमाण्डौ पोष्ट | | |
| नेपाल समाचार पत्र दैनिक | | |
| अन्नपुर्ण पोष्ट दैनिक | | |
| नयाँ पत्रिका दैनिक वा | | |
| राष्ट्रिय स्तरबाट प्रकाशित हुने पत्रिका "क" वर्ग अन्य पत्रिकाहरु | | |